रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

परासी,नवलपरासी (बसुप)

च.न. ३८६८

## आ.व. २०७८/७९ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित २०७८/१०/१७ गते)

रामग्राम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न आय शिर्षकहरुमा आ.व.०७८/०७९ को लागि आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक ब्यवसाय दर्तावाल ब्यक्ति, फर्म तथा कम्पनीहरुले निम्न शर्तहरु मन्जुर गरी शिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ दिने पुन: तेस्रो पटक यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. दरभाउ पत्रदाताले सम्बन्धित बजारको लागि आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम रा.वा.बैंकको धरौटी खाता च.हि.नं ३१००१००३०३००००००२ (ग ३) मा जम्मा गरेको बैक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सूचनाको मितिले १०५ दिन म्याद भएको विडवण्डको सक्कल प्रति शिलबन्दी दरभाउ पत्रसाथ दाखिला गर्नु पर्ने छ ।

२. पट्टाचलन पुर्जी लिनको लागि फर्मको हकमा पहिलो किस्ताको रकम अग्रिम रुपमा नगदै बुझाई बांकी दोश्रो किस्ताको रकम वरावरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७ महिना मान्य अवधि भएको बैंक जमानी पत्र अनिवार्य पेश गर्नु पर्ने छ ।

३. रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ को उपदफा १ बमोजिम ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा १०% (दश प्रतिशत) छुट दिइनेछ ।

४. ठेक्का अवधि समाप्त भए पछि जमानत वापत राखिएको ५ प्रतिशत रकम फिर्ता लिनका लागि सम्बन्धित ठेकेदारले आय आर्जन गरे वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिईने छ ।

५. दरभाउपत्र दाताबाट पर्न आएको दरभाउपत्रमा ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

६. ठेक्का स्वीकृत भएको जानकारी पत्र पाएको मितिले ७ दिन भित्र अनिवार्य पट्टा चलन पुर्जि लिई सक्नु पर्ने छ अन्यथा ठेकेदारले राखेको धरौटी स्वत: जफत भई नगरपालिकाले पुन: ठेक्का बन्दोबस्त गर्ने छ ।

७. नगरपालिकाले तोकेको दररेटमा मात्र ठेकेदारले कर, दस्तुर उठाउनु पर्ने छ ।

८. दरभाउपत्र दाताले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपले लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

९. प्रत्येक बजार एवं ठेक्काको लागि दरभाउ पत्र खरिद गरि छुट्टा छुट्टै दाखिला गर्नु पर्नेछ साथै खाम माथि ठेक्काको नाम स्पष्ट रुपले उल्लेख गर्नु पर्ने छ ।

१०. ठेक्काको न्यूनतम कबोल अंक निम्नानुसार रहेको छ । ठेक्काको प्रस्तावित न्युनतम अंक बार्षिक रुपमा गणना गरि प्रति बजारको आय न्यूनतम ठेक अंक कायम गरिएको छ । चालू आ.ब.०७८।७९ को बाकि अवधिको लागी ठेक्का बन्दोबस्ती गर्दा चालू आ.ब. को बाकी अवधी गणना गरी सोही अनुसार जति पटक हाट बजार संचालन हुनेछ सोहि अनुसारको अवधि एकिन गरी न्यूनतम अंक कायम गरी ठेक्का बन्दोबस्त गरिने छ ।

राकेश पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

परासी,नवलपरासी (बसुप)

११.

| क.स | ठेक्का को नाम | ठेगाना | अवधि/बर्ष | आ.व २०७८/७९का लागी प्रस्तावित न्यूनतम अंक |
|---|---|---|---|---|
| ६ | धरमपुर साप्ताहिक शुक्रबारे हाट बजार | १८ | १ | १११२११/१० |

१२. यो सुचना दोस्रो पटक प्रकाशित भएको १५ औं दिन कार्यालय समय भित्र दरभाउ पत्र खरिद गरी सक्नु पर्नेछ । १६ औं दिन दिउंसो १२ बजे सम्म दरभाउ पत्र दाखिला गरी सक्नु पर्नेछ र सोही दिन दिउंसो २:०० बजे कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने मितिमा ठेकेदार आफै उपस्थित हुनु पर्ने छ उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

१३. दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन कुनै कारण बस विदा परेमा क्रमश: कार्यालय खुलेको दिन म्याद कायम हुने छ ।

१४. ठेकेदारले नगरपालिकाको निर्णय वा निर्देशन विपरीत कार्य गरेमा नगरपालिकाले ठेक्का रद्द गर्न सक्ने छ। ठेक्का लिने ठेकेदारले सवारी पार्किंगको व्यवस्था नगरपालिकाले तोकेको स्थानमा मात्र गर्नु पर्ने छ ।

**१५. दरभाउपत्र फारमको मुल्य रु १०००। (एक हजार मात्र फिर्ता नहुने गरि) बुझाउनुपर्ने छ ।**

१६. प्रकाशित सुचनाको बिस्तृत जानकारी तथा सर्तहरु रामग्राम नगरपालिकाको वेभसाइट www.ramgrammun.gov.np बाट डाउनलोड गर्न सकिने छ साथै कार्यालय समयमा राजस्व उप-शाखामा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

**राकेश पाण्डे**

**प्रमुख प्रशासकीय अधिकृत**